कार्यालय कोड २१०००७७०१७

# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## प्रेस विज्ञप्ति

.....................................................................................................

**प्रदेश लोक सेवा आयोगको चौथो वार्षिक प्रतिवेदन पेश**
**मिति: २०८१/०६/१३ गते, आइतबार।**

आज मिति २०८१/०६/१३ गतेको दिन प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका कार्यहरू समेटेको आफ्नो चौथो वार्षिक प्रतिवेदन सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष सुदूरपश्चिम प्रदेश, प्रदेश प्रमुखको कार्यालय, धनगढी, कैलालीमा पेश गरेको छ। सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ बमोजिम आयोगले गरेको कामकारबाही समेटी तयार पारिएको वार्षिक प्रतिवेदन सोही ऐनको दफा ७ को उपदफा (६) अनुसार प्रदेश प्रमुख समक्ष पेश गर्ने र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्न लगाउने व्यवस्था अनुसार यसरी आयोगको आर्थिक वर्ष २०८०/०८१ को चौथो वार्षिक प्रतिवेदन पेश गरिएको छ।

प्रदेश प्रमुखको कार्यालयमा माननीय प्रदेश प्रमुख, प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा आयोगका माननीय अध्यक्षज्यूले उक्त प्रतिवेदन पेश गर्नु भएको छ ।

प्रतिवेदन पेश गर्ने कार्यक्रम प्रदेश प्रमुखको कार्यालयका प्रदेश सचिव श्री नवराज ढुंगानाज्यूले सञ्चालन गर्नु भएको थियो भने प्रदेश लोक सेवा आयोगको तर्फबाट माननीय अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदनको सारांश समेत प्रस्तुत भएको छ।

**<u>यसरी प्रस्तुत भएको प्रतिवेदनको मूल सारांश निम्न बमोजिम रहेको छः</u>**

- नेपालको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (४) बमोजिम मिति २०७७ चैत्र ९ गते आयोगका पदाधिकारीहरूको नियुक्ति भएपछि प्रदेश लोक सेवा आयोग गठन भएको हो ।
- प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने आयोगको उद्देश्य रहेको छ ।

# प्रदेश लोक सेवा आयोग

कार्यालय कोड २१०००७७०१७

## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

- आयोगको कार्यक्षेत्र सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालय तथा मातहतका विभाग, निर्देशनालय, कार्यालय र सुदूरपश्चिम प्रदेश भित्र रहेका ८८ वटा स्थानीय तह रहेका छन् ।
- आयोगले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्दछ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदपूर्तिका लागि लिईने लिखित परीक्षा सञ्चालन र अन्य आवश्यक परामर्श दिने कार्य समेत आयोगले गर्दछ ।
- आयोगबाट प्रदेश सरकारलाई नीति तर्जुमाका सन्दर्भमा राय परामर्श उपलब्ध गराउने कार्य समेत गर्दै आइरहेको छ। हाल आयोगमा अध्यक्षसहित तीन सदस्य तथा कुल ४५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ।
- आयोगले वर्षभरि गरेको काम कारबाही समेटेर तयार पारिएको आर्थिक वर्ष २०८०/८१ को यस चौथो वार्षिक प्रतिवेदनमा जम्मा ९ परिच्छेद र १५२ पृष्ठ रहेका छन्।

### १. आयोगको कार्यसम्पादनका उपलब्धिहरु

- आयोगबाट आर्थिक वर्ष २०८०/०८१ मा पदपूर्तिका लागि विज्ञापन हुने प्रदेश निजामती सेवा तथा प्रदेश स्थानीय सेवाका पदहरूको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका पारित भई सार्वजनिक भएको छ।
- प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा, समूह, उपसमूह र तहका १८ पदका पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गरिएको छ। हालसम्म ८८ वटा पदहरूको पाठ्यक्रम निर्माण गरी सार्वजनिक गरिएको छ।
- प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा, समूह, उपसमूह, एघारौं तहका प्राविधिक पदहरूको बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि २० पदहरूको विज्ञापन प्रकाशन गरिएको छ।
- बढुवाबाट पदपूर्ति हुने विज्ञापनमा १५ वटा दरखास्त आयोगको कार्यालयमा सङ्कलन गरी दर्ता गरिएको।
- प्रतिवेदन अवधिमा आ.व. २०७९/०८० मा प्रकाशित चौथो र पाँचौं तहका विज्ञापनहरूको लिखित परीक्षामा महिला २५,३८६ र पुरुष ३२,२८४ गरी कुल जम्मा ५७,६७० जना उम्मेदवारहरू उपस्थित भएका छन्।

# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

- प्रतिवेदन अवधिमा सञ्चालन भएका लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरू मध्ये महिला ४४४ र पुरुष ७५३ गरी कुल जम्मा १,१९७ जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट भएका छन्।
- प्रतिवेदन अवधिमा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरू मध्ये महिला २४१ र पुरुष ३९२ गरी जम्मा ६३३ जना र बढुवा सिफारिसबाट ९ जना गरी कुल जम्मा ६४२ जना उम्मेदवारहरू नियुक्तिका लागि सिफारिस भएका छन्।
- प्रतिवेदन अवधिमा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा प्रदेश अन्तर्गतका २१ वटा स्थानीय तहहरूमा अनुगमन तथा निरीक्षण गरी आयोगसँग सम्बन्धित विषयमा जनप्रतिनिधि तथा कर्मचारीहरूसँग छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम गरिएको छ।
- प्रतिवेदन अवधिमा आयोगले सुदूरपश्चिम प्रदेश सरकारको अनुरोधमा सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) विधेयक र स्थानीय तहका सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० उपर राय/परामर्श प्रदान गरेको छ ।

### २. कार्यसम्पादनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू

- प्रदेश निजामती सेवा नियमावली र स्थानीय सेवा ऐन तथा नियमावली जारी नभएको हुँदा कार्यसम्पादनमा कठिनाइ महसुश गरिएको छ।
- हालसम्म आयोगको स्थायी सङ्गठन संरचना स्वीकृत हुन नसकेको अवस्था छ। अन्तरिम सङ्गठन संरचना बमोजिम ४५ दरबन्दीमा १८ पद रिक्त रहेकोले कार्यसम्पादनमा कठिनाइ भइरहेको छ।
- आयोगको कार्यप्रकृति अनुरूपको आफ्नै भवन लगायतका भौतिक संरचनाको अभाव रहेको छ।
- परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरूलाई उपलब्ध गराउने पारिश्रमिक समय सान्दर्भिक नभएकोले परीक्षा सञ्चालनमा जनशक्ति परिचालन गर्न असहज भएको छ।
- प्रदेश निजामती सेवा ऐन, २०७९ संशोधनको क्रममा र प्रदेश स्थानीय सरकारी सेवा सम्बन्धी कानुन तर्जुमाको चरणमा रहेकोले आ.व. २०८०/०८१ को वार्षिक कार्यतालिका बमोजिम विज्ञापन प्रकाशन गर्न नसकिएको अवस्था विद्यमान रहेको छ।

### ३. आयोगको आगामी कार्यदिशाः

- आयोगको कार्यप्रकृति अनुरूपको आफ्नै भवन निर्माण गर्न जग्गा प्राप्तिका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने,
- आयोगको कामकारबाही छिटोछरितो सम्पन्न गर्न पर्याप्त जनशक्तिको व्यवस्था मिलाउन पहल गर्ने,

कार्यालय कोड २१०००७७०१७

# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

- PPSRMS (Province Public Service Recruitment Management System) प्रणालीलाई समय सापेक्ष सुधार गर्ने। Online Application लाई Upgrade गर्दै आयोगका कामकारबाहीलाई प्रविधिमैत्री बनाउँदै लैजाने,
- सार्वजनिक प्रशासन, सेवा प्रवाह, मानव संसाधन व्यवस्थापन, राष्ट्रको समृद्धि, सुशासन र प्रादेशिक सन्तुलन एवम् अपनत्वसँग सम्बन्धित लेख रचना लगायतका विषय समेटिएको सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको स्मारिका-२०८१ तयार गरी प्रकाशन गर्ने,
- सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने मुख्य ध्येय राखी योग्यता, निष्पक्षता र स्वच्छता जस्ता मूलभूत मूल्यहरू कायम हुने गरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिमले रणनीतिक योजना तर्जुमा गर्ने योजना रहेको छ ।
- नेपाल सरकारको GIDC मा Hosting रहेको आयोगको पदपूर्ति सम्बन्धी अनलाइन प्रणालीलाई आयोगले आफ्नै Backup Server राखी सो सम्बन्धी डाटा सुरक्षित राख्ने योजना रहेको छ।

**अन्त्यमा,**

सुदूरपश्चिम प्रदेश सरकार र अन्तर्गतका निकायहरू, लोक सेवा आयोग, गैरसरकारी तथा निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत, एवम् आम नागरिकबाट सुदूरपश्चिम प्रदेशमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्दै मानव संशाधन व्यवस्थापनका लागि प्रदेश लोक सेवा आयोगलाई प्राप्त साथ, सहयोग र ऐक्यवद्धताका लागि प्रदेश लोक सेवा आयोग परिवारले एकमुष्ट धन्यवाद दिँदै सबैको सहयोग र सहकार्यको निरन्तरताको अपेक्षा समेत गरेको छ।

प्रदेश लोक सेवा आयोग,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।